## नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ८ | संख्या : ३ | मिति : २०८१/१०/३० |
|---|---|---|


**भाग–१**

## नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँ सभाबाट मिति २०८१।१०।३० गते स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## नरहरिनाथ गाउँपालिका

# गाउँ युवा परिषद् कार्यविधि, २०८१

**प्रस्तावनाः**

युवाको हक हितको संरक्षण, सम्बर्धन र सशक्तीकरणका साथै शिक्षा,सीप, उद्यमशीलता र रोजगारीलाई प्रबर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत गाउँपालिका निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता बृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

# प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

यस कार्यविधिको नाम "नरहरिनाथ गाउँपालिका युवा परिषद् कार्यविधि, २०८१" रहेको छ । यो कार्यविधि राजपत्रमा प्रकाशीत गरे पश्चात् लागू हुनेछ ।

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "परिषद्" भन्नाले नियम ५ बमोजिम स्थापना भएको गाउँ युवा परिषद् सम्झनुपर्छ ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरे बमोजिमका व्यक्ति सम्झनु पर्छ

(च) "विशेष समुदायका युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, जनजाति, पिछडिएका तथा गरिबीको रेखामुनिरहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ ।

(छ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(ज) “गाउँपालिका” वा “कार्यपालिका” भन्नाले नरहरिनाथ गाउँपालिका तथा कार्यपालिकालाई जनाउँछ ।

(झ) “क्लव” भन्नाले वडा र टोलमा गठन हुने युवाको क्लबलाई जनाउँ छ ।

# परिच्छेद -२

## ३. परिषद्को स्थापना :

(१) प्रस्तावनामा उल्लेख भए बमोजिमको काम समेतका लागि गाउँ युवा परिषद् स्थापना गरिएको छ ।

(२) गाउँ युवा परिषद्को मुख्य कार्यालय गाउँपालिकामा रहनेछ ।

(३) परिषद्ले गाउँपालिका सँगको समन्वयमा गाउँको अन्य स्थानमा पनि आफ्नो प्रमुख वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

## ४. परिषद् स्वशासित र संगठित संस्था हुने :

(१) गाउँपालिकाको सल्लाह र सहमतिमा स्वतन्त्र रुपमा कार्य गर्ने संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, अन्य किसिमले व्यवस्था गर्न सक्नेछ । तर परिषद्ले कुनै कार्य गर्नु अघि गाउँ कार्यपालिकाको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

## परिच्छेद-३

# परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**५. परिषद्को गठन :**

(१) गाउँ युवा परिषद् गठन देहायबमोजिम हुनेछः-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले मनोनयन गरेको युवा -उपाध्यक्ष

(ग) युवा विकासको क्षेत्रमा योगदान गरेका मध्ये गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना महिलासमेत चार जना युवा -सदस्य

(घ) वडा युवा क्लबहरु मध्येबाट परिषद्ले मनोनित गरेको एक जना महिला समेत दुई जना -सदस्य

(ङ) विशेष समुदायबाट परिषद्ले मनोनित गरेको एक जना महिला समेत दुई जना -सदस्य

(च) प्राविधिक क्षेत्रमा अध्ययन गरेका विषय विज्ञ मध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको २ जना - सदस्य

(छ) प्रमुख, सामाजिक विकाश शाखा -पदेन सदस्य

(ज) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा -सदस्य सचिव

(२) मनोनीत सदस्यहरुको पदावधि ४ बर्षको हुनेछ । पुनः आवश्यक ठानेमा पुनः नियुक्ती हुन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदिय जिम्मेवारी पूरा नगरेमा गाउँपालिकाले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) नियम ५. उपनियम (१) को (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दुई बर्ष काम गरेको प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ ।

(६) मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनु पर्नेछ ।

## ६. परिषद्को काम, कर्तव्य र अधिकार :

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) गाउँपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद् सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई गाउँ तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरका र गाउँपालिकालाई सुझाव दिने,

(ज) गाउँ स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने,

(झ) गाउँ स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रीय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

(ट) युवाका क्षेत्रमा संघ, प्रदेश र पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ७. परिषद्को बैठक र निर्णय :

(१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यतया २ महिना भन्दा बढी हुने छैन ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद-४**

# कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

## ८. समितिको गठन :

(१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) उपाध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको युवाक्षेत्र हेर्ने कर्मचारी -सदस्य

(ग) परिषद्का पदेन सदस्य बाहेकका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला रहने गरी परिषद्ले मनोनीत गरेका तिन जना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद प्रमुख - सदस्य-सचिव

(३) उपनियम (२) को (ग) बमोजिमको सदस्यको पदावधि परिषद्को सदस्य कायम रहे सम्मको अवधिका लागि हुनेछ ।

## ९. कार्यकारी समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षको अनुपस्थितिमा सदस्य-सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

(४) समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्ने छ ।

(९) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमाआमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) परिषद्को बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) युवासम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(घ) युवासम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने,

(ङ) दैनिक कार्यसंचालन गर्ने

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-५

# वडा युवा परिषद गठन तथा काम, कर्तव्य र अधिकार

### ११) वडा युवा परिषदको गठन

(१) गाउँपालिकाको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्षको संरक्षकत्वमा युवा क्लब समन्वय समिति गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने युवा परिषदमा सम्बन्धित वडाभित्रका युवा उमेर समुहका २४ वर्ष सम्मका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन ।

(३) वडामा गठन हुने वडास्तरीय युवा परिषदको एक कार्यसमिति रहने छ ।

(४) युवा परिषदका सदस्यहरुले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरु मध्येबाट छनौट गर्नेछन । पाँचजना सदस्यसहित नौ जनाको कार्यसमितिमा कूल सदस्य संख्यामा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) वडामा धेरै युवा क्लबहरु भएमा युवा परिषदका सदस्य चयन गर्नका लागि परिषद्ले यस सम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवा परिषदका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

(७) वडास्तरीय युवा परिषदको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

(८) प्रत्येक टोलमा ५० जना युवासम्मको टोल युवा क्लब गठन गर्न सकिनेछ । टोल युवाक्लबका युवा मध्येबाट वडा युवा परिषद गठन हुनेछ ।

(९) पहिलोपटक वडा युवा परिषद गठन गर्दाको हकमा गाउँ युवा परिषद र सम्बन्धित वडा कार्यालयको समन्वयमा गठन हुनेछ ।

## १२. युवा परिषदको काम, कर्तव्य र अधिकार

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषद्संग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) गाउँ तथा वडास्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम लागु औषधविरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(४) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति ,परिषद् तथा गाउँपालिका सँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(५) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद्, गाउँ युवा परिषद् र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(६) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(७) प्रत्येक वडा युवा परिषदले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(८) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र गाउँ युवा परिषद्संग समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

(९) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(१०) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।

(११) परिषद्ले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद- ६

# परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

### १३. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने:

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका गाउँपालिका क्षेत्रभित्रका र गाउँभित्र काम गर्न चाहने संघ संस्था परिषद्मा अनिवार्य आबद्ध हुनु पर्ने छ ।

(२) आवद्धताका लागि तपसील बमोजिमको विवरण खुलाई परिषद् समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको विधानसमेत संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन दिने संघसंस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा कार्यकारी समितिले तोके बमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम आवद्ध भएका संघरसंस्थाले प्रत्येक दुई वर्षमा समितिले तोके बमोजिमको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम परिषद्सँग आवद्ध भएका संघसंस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(७) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, आवद्धता नवीकरण गरेमा, लगातार दुई आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य गरेमा संघसंस्थाको आवद्धता नवीकरण तथा आवद्धता रद्द गर्न सकिनेछ ।

(८) गाउँपालिका भित्र युवासम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनैपनि संघ संस्थाले कुनै पनि निकायबाट जस्तोसुकै प्रकारको आर्थिक सहयोग लिँदा वा दिँदा परिषद्को पुर्वस्वीकृति लिनुपर्नेछ ।

**१४. कार्यक्रम सञ्चालन गर्ने :**

नियम १३ बमोजिम परिषद्सँग आवद्ध भएका युवासम्बन्धी संघ, संस्थाले आफ्नो विधानको अधीनमा रही बेरोजगार युवालाई विभिन्न ज्ञान र सीपसम्बन्धी तालीम प्रदान गर्न, युवालाई सशक्तीकरणगर्न र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७
# उपाध्यक्ष तथा कर्मचारी

**१५. उपाध्यक्ष सम्बन्धी व्यवस्था :**

(१) गाउँ कार्यपालिकाले गाउँ युवा परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न नियम ५ को १(ख) बमोजिमको उपाध्यक्षको नियुक्ति गर्नेछ ।

(२) उपाध्यक्षले गाउँ कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक, भत्ता र सुविधा पाउनेछ ।

(३) उपाध्यक्षको पदावधि चार बर्षको हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्याएमा गाउँ कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपाध्यक्षको सेवाको अन्य शर्त गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**१६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## १७. कर्मचारी सम्बन्धी व्यवस्था :

(१) परिषद्को कार्यसञ्चालन गर्न गाउँपालिकाले स्रोत व्यहोर्ने गरि गाउँसभाले स्वीकृत गरेको संगठन सर्भे अनुसारको स्वीकृत संगठन संरचना अनुसारको परिषद्ले स्वीकृत गरे बमोजिमको संगठन संरचना र कर्मचारीको दरवन्दी अनुसारका कर्मचारीहरु रहनेछन ।

(२) उपदफा (१) बमोजिम संगठन संरचना र स्रोत ब्यवस्था नभएसम्म परिषद्को कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा र सो शाखामा कार्यरत कर्मचारीका साथै गाउँपालिकाले युवा परिषदमा काम गर्न तोकेको आफ्नो संरचना भित्र रहेका अन्य कर्मचारी नै यस परिषद्का कर्मचारी हुनेछन ।

(३) उपनियम (२) बमोजिमका कर्मचारी नियुक्त नभएसम्मको लागि परिषद्को अनुरोधमा गाउँपालिकाले कुनै कर्मचारीलाई परिषद्मा काम गर्ने गरी खटाउन सक्नेछ ।

## परिच्छेद-८
# परिषद्को कोष

**१८. परिषद्को कोष :**

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) संघीय सरकार,प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम तर विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्था वा ब्यक्तिबाट रकम सहयोग लिदाँ गाउँकार्यपालिकाको स्वीकृति र सिफारिस तथा संघीय सरकारको अनुमति लिनु पर्नेछ ।

(घ) युवासम्बन्धी संघ संस्थालाई आवद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

(ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले गाउँपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा परिषद्को नाममा उपाध्यक्ष र परिषद्को वरिष्ठतम कर्मचारीको संयुक्त दस्तखत रहने गरी खाता खोली संचालन गरिनेछ ।

(६) परिषद्को कोषको तथा ब्यवस्थापन र सञ्चालन संबन्धमा अन्य तोकिए बमोजिम हुनेछ ।

(७) उपनियम (४) र (५) को व्यवस्था नभएसम्म कार्यपालिकाले तोके वमोजिम व्यवस्था हुनेछ ।

**१९. लेखा र लेखापरीक्षण :**

(१) समितिको आय व्ययको लेखा र लेखा परीक्षण गाउँपालिकाको लेखा तथा आर्थिक प्रशासन शाखाबाट नै सञ्चालन हुनेछ ।

(२) परिषद्को लेखापरिक्षण गाउँपालिकाले नै गराउने छ ।

## परिच्छेद-९

# विविध

**२०. भाग लिन नहुने:**

परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**२१. उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

(१) परिषद्ले यो नियममावली वा यस नियमअन्तर्गत बनेको नियम, बिनियम, निर्देशिका बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

**२२. सेवा सुविधा तथा बैठक भत्ता :**

(१) समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य तथा उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत गाउँपालिकाको आर्थिक कार्यविधि बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउने छन् ।

**२३. वार्षिक प्रतिवेदन :**

(१) परिषद्ले आफूले वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीनमहिनाभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र युवाक्लबहरुले वर्षभरिमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सोकोसमाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्ने छ ।

**२४. निर्देशन दिन सक्ने :**

(१) गाउँ कार्यपालिकाले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**२५. अधिकार प्रत्यायोजनः**

(१) परिषद्ले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको कार्यबिधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२६. शपथः**

परिषद् र समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसुची-३ बमोजिमको परिषद्को अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ ।

**२७. सहयोग गर्नु पर्नेः**

परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२८. परिषद् विघटन :**

(१) परिषद्ले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा गाउँपालिकाले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ ।

**२९. सम्पर्क राख्नेः**

परिषद्ले संघीय सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा गाउँपालिका मार्फत राख्नु पर्नेछ ।

**३०. विनियम बनाउने अधिकारः**

(१) यो कार्यविधिको अधिनमा रही परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि बनाउनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम, निर्देशिका, कार्यविधि बनाउँदा परिषद्ले गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची–१
## संस्थाहरुको आवद्धताका लागि दिईने निवेदनको ढाँचा
## (नियम १३ संग सम्बन्धित)

मिति :......................

श्री गाउँ युवा परिषद्
नरहरिनाथ गाउँपालिका ।

### विषयः आवद्ध हुन पाऊँ ।

गाउँ युवा परिषद् कार्यविधि, २०८१ को नियम १३ को उपनियम (२) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौं ।

**१. संघ वा संस्थाको नाम :**

**२. संघ वा संस्थाको ठेगाना :**

(क) गाउँपालिका ...................................

(ख) टोल क्षेत्र :.................. (ग) फोन नम्बर :.........................

(घ) फ्याक्स नं. ..............................

(ङ) इमेल :........................... (च) वेभसाईट : ......................

**३. संघ वा संस्थाको उदेश्य :**

(क)

(ख)

(ग)

(घ)

**४. संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि :**

**५. संघ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र सम्पर्क:**

(क)

(ख)

(ग)

(घ)

**६. संलग्न कागजातहरु:**

(क) संघसंस्था दर्ताको प्रमाणपत्र

(ख) निवेदक संघसंस्थाको विधानको प्रतिलिपि

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

(घ) संघसंस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि

७. संस्थाको छाप :

**निवेदकको**

नाम, थर :...............................

ठेगाना :...............................

दस्तखत :...............................

पद :...............................

संघ वा संस्थाको नाम :...............................

ठेगाना :...............................

# अनुसूची २
## नियम १३ को उपनियम (४) सँग सम्बन्धित

# परिषद्सँग आवद्धताको प्रमाणपत्रको ढाँचा

परिषद्सँग आवद्ध हुन पाऊँ भनी ................................ (संघ वा संस्थाको नाम र ठेगाना) ले मिति ..................... मा दिएको निवेदन उपर कारवाही हुँदा परिषद्को मिति .................... को निर्णयानुसार त्यस संघ वा संस्थालाई गाउँ युवा परिषद् कार्यविधि, २०८१ को नियम १३ को उपनियम (४) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

**१. आवद्धता नम्बर:**

**२ आवद्धता कायम रहने अवधि:** यो आवद्धताको नवीकरण गराएको अवस्थामा वाहेक मिति ................. सम्म कायमरहनेछ ।

**परिषद्को छाप**

**प्रमाण-पत्र जारी गर्ने अधिकारीको**

नाम, थर :...............................

पद :...............................

मिति :...............................

**पछाडीपट्टी नवकिरण सम्बन्धी विवरण**

| सि.नं. | नवीकरण गर्ने कर्मचारीको नाम थर | कर्मचारीको दर्जा | दस्तखत | नविकरण मिति | कायम रहने अवधि |
|---|---|---|---|---|---|
| | | | | | |

# अनुसूची ३
## (नियम २६ सँग सम्बन्धित)
## शपथ

म ................................................ (शपथ लिने व्यक्तिको नाम) मुलक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु इश्वर र देश र जनताका नाममा शपथ लिन्छु कि नरहरिनाथ गाउँपालिका गाउँ युवा परिषद्को .........................पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश, गाउँ तथा परिषद् प्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

| **शपथ ग्रहण गर्नेको** | **शपथ ग्रहण प्रमाणित गराउनेको:** |
| --- | --- |
| नाम :............................. | नाम :........................ |
| दस्तखत :........................ | दस्तखत :........................ |
| मिति :........................... | मिति :......................... |
| पद :.............................. | पद :....................... |

**आज्ञाले**
**युवराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**